सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

प. सं.: २०७६/०७७
च. नं.: १६६०

मितिः २०७७/०२/१०

# प्रेस विज्ञप्ती

यस गाउँपालिकाको मिति २०७७/०२/०९ गते बसेको गाउँ कार्यपालिका वैठकमा कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण सम्बन्धमा छलफल भैरहेको वेला वैकिङ क्षेत्र र अत्यावश्यक ढुवानी सेवालाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा मिति २०७७/०२/०६ गते सुनछहरी, लुङ्ग्रि र सुनिलस्मृति गाउँपालिका अध्यक्षस्तरको वैठकमा वडा नं. ४ का वडा अध्यक्ष गञ्ज बहादुर क्षेत्री समेत वैठकमा सहभागि भई सामाजिक दुरी कायम राखि दैनिक वैकिङ सेवा सञ्चालन गर्न बैंकहरुलाई अनुरोध गर्ने र अत्यावश्यक ढुवानी सेवालाई समेत वडा कार्यालयको सिफारिसको आधारमा गाउँपालिकाको अनुमतिबाट मात्र ढुवानी गर्ने भन्ने निर्णयमा वडा अध्यक्ष क्षेत्रीले आफै हस्ताक्षर गरि निर्णय गरेको र त्यहि निर्णयलाई उल्लङ्घन गर्दै मिति २०७७/०२/०७ गते ४ नं. वडा कार्यालयले हप्तामा २ दिनमात्र वैंकहरु खोल्ने निर्णय गरि समाजिक सञ्जाल मार्फत सार्वजनिक गरिएको र बाहिरी जिल्लाबाट ल्याइएका खाद्यान्न सामाग्रि ढुवानीलाई समेत विहान देखि साँझसम्म काधधारामा रोक्ने, सामाग्रि ढुवानीका लागि सिफारिस लिन गएका आफु निकट व्यक्तिहरुलाई मात्र दिने, उनी विरुद्ध वोल्ने वा फरक राजनितीक क्षेत्रमा लागेका व्यक्तिहरुलाई सिफारिस नदिने जस्ता गतिविधिलाई गाउँपालिका अध्यक्ष ज्यूले तुरुन्त रोक्न आदेश गर्नुभएको र वडा अध्यक्ष क्षेत्रीले वडाकै निर्णय कार्यान्वय गर्ने भन्ने जिद्धि गरिरहेको वेला गाउँपालिका अध्यक्ष ज्यूले हप्तामा २ दिन मात्र वैकिङ सेवा सञ्चालन गर्दा झन मानिसहरुको भिड बढ्ने देखिएकोले कम्तीमा पनि हप्ताको ३ दिन एकै समयमा सवै वैंकिङ कारोबार गर्ने र अन्य दिनहरुमा उपभोक्ता समुहहरुको खाता सञ्चालन लगाएतको काम गर्न वैंकहरुलाई अनुरोध गर्ने भनि छलफल भैरहदा वडा अध्यक्ष गञ्ज बहादुर क्षेत्रीले अचानक गाउँपालिका अध्यक्ष माथि अपशव्द वोल्न थालेपछि गाउँपालिका अध्यक्ष ज्यूले पनि जवाफमा केहि शव्द फर्काउदै गर्दा एक्कासि उठि अध्यक्ष माथि नै हातपात गरे पछि अध्यक्ष ज्यूले अर्को सूचना नहुदासम्मको लागि कार्यपालिका वैठक स्थगित गर्नुभएको व्यहोरा सवैमा जानकारी गराउदछौ । साथै विभिन्न सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरुवाट एकलौटि ढंगले आएका समाचार प्रति गाउँवासिहरुले विश्वास नगर्न र सत्य तथ्य सूचना, सञ्चारप्रति विश्वास गर्नुहुन सवै गाउँवासिहरुमा अनुरोध गर्दछौ ।

............................
(नमराज थापा)
प्रवक्ता